# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भागः२ खण्डः६ संख्याः४ मितिः२०८२/०९/०९

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## व्यावसायिक कृषि तथा पशुपन्छी फर्म दर्ता एवम् नवीकरण सम्बन्धी कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/०७
प्रमाणीकरण मिति : २०८२/०९/०८

**प्रस्तावनाः** स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानिय सरकारले प्राप्त अधिकार क्षेत्र भित्र रहेर यस पालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने कृषि, पशुपन्छी तथा माछा पालनजन्य व्यवसायलाई व्यवसायीकरण, प्रतिस्पर्धि, पालिका बाहिर निर्यातद्वारा रोजगार सृजना, गरिबी निवारण, खाद्य तथा पोषण सुरक्षा र राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुऱ्याउन साथै यस पालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नामः "**व्यावसायिक कृषि तथा पशुपन्छी फर्म दर्ता एवम् नवीकरण सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ।

ख. यो कार्यविधि खिजीदेम्वा गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुने छ।

२. **परिभाषाः**

क. "**व्यवसाय/फर्म**" व्यावसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छीको काम गरिएको पेशा वा कर्मलाई सम्झनु पर्छ

ख. "**दर्ता** " भन्नाले गाउँपालिकाको क्षेत्र भित्र सञ्चालित व्यवसायीहरुले व्यावसायिक कृषि तथा पशुपन्छी फर्म दर्ता एवम् नवीकरण सम्बन्धी कार्यविधि, २०८२ अनुसार अभिलेखमा आबद्ध भएको व्यवसाय फर्मलाई सम्झनु पर्नेछ

ग. " **कृषक समूह"** भन्नाले कृषि तथा पशुपालन व्यवसायमा आवद्ध एउटै उद्देश्य र पेशा भएका कृषकहरूले गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका-२०८० बमोजिम दर्ता भएको संस्था वा समूह सम्झनु पर्ने।

**घ.** **"सहकारी"** भन्नाले कृषि तथा पशुपालन व्यवसायमा आवद्ध एउटै उद्देश्य र पेशा भएका कृषकहरूको सहकारी ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएका सहकारी संस्था सम्झनु पर्छ।

ङ. **"व्यवसायी"** भन्नाले यस खिजीदेम्वा गाउँपालिका भित्रका कृषि तथा पशुपालन साथै अन्य व्यवसाय सम्बन्धी व्यक्ति वा संस्था सम्झनु पर्नेछ

च. **"कार्यविधि"** भन्नाले व्यावसायिक कृषि तथा पशुपन्छी फर्म दर्ता एवम् नवीकरण सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्नेछ

**३. उद्देश्यः**

क. गाउँपालिका भित्र रहेका कृषि तथा पशुपालन व्यवसाय/फर्म दर्ता तथा नवीकरण कार्यलाइ व्यवस्थित गर्ने,

ख. आर्थिक समृद्धि, रोजगारी, निर्यातमूखी उत्पादन गर्न पालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने कृषि तथा पशुपन्छीजन्य व्यापार व्यवसायसँग सम्बन्धित व्यवसाय कृषि उत्पादनकार्य, निकासी, पैठारीलाई व्यवस्थित गर्ने,

ग. कृषि तथा पशुपालन सम्बन्धी व्यवसायीहरूलाई व्यवसाय विकासमा सहयोग तथा प्रोत्साहन गर्ने,

घ. कृषि विकास शाखाको कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउने,

ङ. संभाव्यता हेरी कृषि प्रसार कार्यक्रममा सहयोग पुर्याउने,

च. कृषि व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवम् व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्न।

४. **क्षेत्रः** खिजीदेम्वा गाउँपालिका क्षेत्र भित्रका कृषि तथा पशुपन्छी व्यवसाय सँग सम्बन्धित सबै व्यवसायीहरूलाई यस कार्यविधिले समेट्नेछ।

## परिच्छेद-२

५. **व्यवसाय फर्मको वर्गिकरणः** व्यवसाय / फर्मलाई निजहरुको चल अचल पूँजी र लगानीको आधारमा देहाय बमोजिम वर्गिकरण गरिएको छ।

क. "क" वर्ग : २० लाख भन्दा माथि पूँजी भएका

ख. "ख" वर्ग : १० देखि २० लाखसम्म पूँजी भएका

ग. "ग" वर्ग : १० लाख भन्दा कम पूँजी भएका

६. **व्यवसाय/फर्मका लागि आवश्यक न्यूनतम मापदण्डः**

१. फलफूल खेती /नगदे, उच्च मूल्यका बालीका लागि न्यूनतम ३ रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

२. प्लास्टिक टनेलमा तरकारी खेती गर्दा ५/१० मिटरको ३ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ ।

३. खुल्ला तरकारी खेती गर्दा कम्तीमा २ रोपनी भन्दा बढीमा व्यावसायिक रुपमा तरकारी बाह्रै महिना उत्पादन हुनु पर्दछ।

४. मसला बाली अधुवा, लसुन, प्याज र बेसार खेतीका लागी न्यूनतम २ रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

५. खाद्यान्न बाली धान, मकै, गहुँ, कोदो र फापर खेतीका लागी २० रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

६. अलैंची खेतीका लागी न्यूनतम १० रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

७. बुङ्ग आलु खेतीका लागी न्यूनतम २० रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

८. जडीबुटी खेतीका लागी न्यूनतम २ रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

९. कृषि व्यवसाय सञ्चालन गरी दर्ता गर्न तरकारी खेती / घाँसे नर्सरी / अन्य नर्सरी स्थापनाका लागी न्यूनतम २ रोपनी जमिनमा खेती गरेको हुनु पर्नेछ।

१०. च्याउ खेती (सिताके, कन्ये, गोब्रे आदि) व्यावसायिक रुपमा करिब २ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरी खेती गरेको हुनु पर्नेछ।

११. चिया तथा कफी खेती गर्दा कम्तीमा ३ रोपनीमा व्यावसायिक रुपमा खेती गरेको हुनु पर्दछ।

१२. मौरी पालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढीमा पालन गरेको हुनुपर्ने र मौरीघार निर्माण, सप्लायर्स तथा मौरी सम्बन्धी अन्य कारोबारको लागी आवश्यक पूर्वाधार भएको हुनु पर्नेछ।

१३. गाई/भैसी/चौरीको फर्म दर्ताका लागी न्यूनतम ५ माउ उत्पादन योग्य वयस्क पशु सुधारिएको गोठमा पालेको हुनु पर्नेछ।

१४. भेडा/बाखा/च्याङ्ग्राको फर्म दर्ताका लागी उत्पादन योग्य न्यूनतम ५ माउ र मासुको लागी वयस्क १५ वटा खसि/बोका सुधारिएको खोरमा पालेको हुनु पर्नेछ।

१५. सुंगुर/वंगुर फर्म दर्ताका लागि न्यूनतम उत्पादन योग्य ३ माउ, १ ब्याडे भाले (विर) र मासुको लागी १० वटा वयस्क सुधारिएको खोरमा पालेको हुनु पर्नेछ।

१६. पंक्षीजन्य व्यवसाय/फर्म दर्ताका लागी वोइलर कुखुरा भए न्यूनतम २०० को संख्यामा, लेयर्स भए २००, स्थानिय

कुखुरा/वटाइ/कालिज/हाँस भए १५० वटा वयस्क उत्पादन योग्य पन्छि र टर्कि/अस्ट्रिज भए ५० को संख्यामा सुधारिएको खोरमा पालेको हुनु पर्नेछ।

१७. माछा पालन व्यवसायका लागि कम्तीमा १ रोपनी क्षेत्रफलमा माछा पोखरी निर्माण गरी माछा पालन व्यवसाय गरेको र रेन्वो ट्राअट (Rainbow Trout) माछा पालनको हकमा कम्तीमा ५ वटा रेसवेय (Race way) हुनु पर्नेछ।

१८. कृषकले माथि उल्लेखित बाहेक अन्य बाली बस्तु उत्पादन गर्न चाहिएमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नु पर्नेछ।

## ७. व्यवसाय/फर्म नवीकरण दर्ता प्रक्रिया

क. यस कार्यविधिको दफा ६ अनुसार मापदण्ड पुगेका कुनै पनि व्यवसाय फर्महरुले दर्ताको लागी यस कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ। यसरी निवेदन गर्दा निवेदन साथ यस कार्यविधिको दफा ८ को उपदफा क बमोजिमको कागजात संलग्न गर्नु पर्नेछ।

ख. यदि कुनै व्यवसायीले आफ्नो व्यवसाय संघीय तथा प्रादेशिक कानुन बमोजिम सम्बन्धित कार्यलयहरु (घरेलु तथा साना उद्योग विकास कार्यालय, कम्पनी रजिस्टर कार्यालय, कर दाता सेवा कार्यालय, सहकारी विभाग, वन डिभिजन कार्यालय र व्ययसायी संघ जस्ता कार्यालयहरु) मा दर्ता तथा अनुमति लिएर व्यवसाय सञ्चालन गरिरहेको भए पनि खिजीदेम्वा गाउँपालिकाको कार्यविधि अनुसार आ-आफ्नो व्यवसाय अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ।

ग. मापदण्ड पुगेका कृषि व्यवसाय/फर्मलाई गाउँपालिकाबाट फर्म दर्ता प्रमाण पत्र दिनेछ। व्यवसाय/फर्म दर्ता प्रमाणपत्रको अवधि २ वर्ष रहने छ र म्याद सकिएको ३५ दिन भित्र प्रमाणपत्र नवीकरण गर्नुपर्ने छ र नवीकरण गरिएको प्रमाणपत्रको म्याद आर्थिक वर्ष सकिए सँगै सकिन्छ।

घ. व्यवसाय/फर्म दर्ता गर्नु पूर्व कार्यालयले यस कार्यविधिको दफा ६ बमोजिम मापदण्ड पुगे नपुगेको विषयमा जाँच गर्नु पर्नेछ।

ङ. यस कार्यविधिको दफा ७ को उपदफा ग अनुसार दर्ता भएका व्यवसाय/फर्म लाई अनुसुची-२ बमोजिम दर्ता प्रमाण-पत्र दिइनेछ।

च. फर्म/व्यवसाय सञ्चालन गर्दा जैविक सुरक्षा (अनुसूची-३ बमोजिम) को विधि अवलम्बन गरेको हुनु पर्नेछ।

छ. यस कार्यविधि बमोजिम दर्ता भएका व्यवसाय/फर्महरु आयकरमा दर्ता हुनु पर्नेछ।

ज. कुनै व्यवसाय/फर्मले अन्य निकाय वा कार्यालय वा संस्थामा दर्ताको लागि कार्यलयमा सिफारिस माग गरेको खण्डमा यस कार्यविधि बमोजिम मापदण्ड पुगेका व्यवसाय/फर्मलाई मात्र कार्यलयले सिफारिस गर्नु पर्नेछ।

## ८. दर्ताका लागि आवश्यक कागजातहरुः

**क. व्यवसाय/फर्म दर्ताका लागि देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछ**

१. नागरिकताको प्रतिलिपि

२. पासपोर्ट साईज फोटो ३ प्रति

३. आफ्नै नामको जग्गा भए जग्गाको धनीपुर्जाको प्रतिलिपि

४. जग्गा आफ्नो नाममा नभए वडा कार्यालयको रोहबरमा गरेको मन्जुरीनामा / भाडा संझौता पत्र कम्तीमा ५ वर्षको हुनु पर्नेछ

५. चार सधिंयारी सर्जमिन मुचुल्का चार किल्ला प्रमाणित (पूर्व, पश्चिम, उत्तर र दक्षिण) वडा कार्यालयबाट प्रमाणित

६. वडा कृषि प्रविधिक तथा कृषि प्रविधिकद्वारा फर्मको अनुगमन गरी न्यूनतम मापदण्ड पुरा भएको भनि दिएको प्रमाणित सिफारिस

७. व्यवसाय फर्म रहने स्थानको वडा कार्यालयको सिफारिस

८. साझेदारी फर्म भएमा साझेदारी कबुलियतनामा

९. व्यावसायिक योजना/परियोजन

**ख. व्यवसाय/फर्म नवीकरण गर्दा चाहिने आवश्यक कागजातहरुः**

१. व्यवसाय/फर्मको सक्कल प्रमाण पत्र

२. आयकर चुक्ताको प्रतिलिपि

३. कारण खुल्ने निवेदन

४. गाउँपालिकामा नवीकरण दस्तुर बापतको राजश्व जम्मा गरेको सक्कल भौचार

५. "क" वर्गको व्यवसाय/फर्मको हकमा लेखा परीक्षक प्रतिवेदनको प्रतिलिपि

**ग. व्यवसाय/फर्मको व्यहोरा संशोधन कारोबार थप र प्रतिलिपि प्राप्तिका लागि आवश्यक कागजातहरुः**

१. व्यवसाय/फर्मको सक्कल प्रमाण पत्र

२. अघिल्लो आ.व. को कर चुक्ताको प्रमाण तिरेको रसिदको प्रतिलिपि

३. प्रतिलिपि लीनका लागि निवेदन र सक्कल प्रमाण पत्र समेत लिइ व्यवसाय/फर्म धनी स्वंयम तिन प्रति फोटो समेत लिई उपस्थित हुनुपर्ने

४. फर्मको नाम, ठेगाना, उद्देश्य, कारोबार परिवर्तन तथा पूँजी थपघट गर्न चाहेमा निवेदन दिइ आवश्यक संशोधन गर्न सकिनेछ

५. कुनै कारणवश फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि लिनुपर्ने भए फर्म धनिको सक्कल नागरिकता प्रमाणपत्र सहित स्वयं उपस्थित भई निवेदन दिनु पर्नेछ। कार्यालयले तोकेको दस्तुर लिई व्यवसाय/फर्मको प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्दछ

६. वडाको सिफारीस

**घ. व्यवसाय/फर्म ठाउँ सारी गर्दा चाहिने आवश्यक कागजातहरुः**

१. सक्कल प्रमाण पत्र

२. करचुक्ताको प्रतिलिपि
३. कारण खुल्ने निवेदन
४. जग्गाको नक्सा
५. धनीपुर्जाको फोटोकपी
६. जग्गा आफ्नो नभएमा मन्जुरीमा/भाडामा भए सम्झौता (कम्तीमा ५ वर्षको)
७. चार सधियारी सर्जमिन मुचुल्का (पूर्व, पश्चिम, उत्तर, दक्षिण)
८. व्यवसाय/फर्म रहने स्थानको वडा कार्यालयको सिफारीस

**ङ. व्यवसय/फर्म नामसारी गर्दा चाहिने आवश्यक कागजातहरुः**

१. नाम सारीको लागि फर्म लीन दिने दुवै व्यक्ति स्वयंम उपस्थित हुनुपर्ने र लिनेको हालसालै खिचेको तिन प्रति फोटो तथा सक्कल नागरिकताको प्रमाण पत्र
२. अघिल्लो आ.व.मा आय कर तिरेको प्रमाण पत्रको प्रतिलिपि
३. सम्बन्धित वडा कार्यालयको सिफारीस
४. व्यवसायीको मृत्यु भएको खण्डामा मृत्यु दर्ता प्रमाण पत्र

५. कारण खुलेको लिने दिनेको निवेदन

**९. व्यवसाय/फर्मको खारेजीः**

**क. व्यवसाय/फर्म खारेज हुने अवस्थाः**

१. तोकिएको समय भित्र नवीकरण नगराएमा

२. व्यवसाय/फर्म धनीले मनासिव कारण दर्साइ आफ्नो फर्म खारेजी गरी पाउँ भनि निवेदन दिएमा

३. व्यवसाय/फर्मले यस कार्यविधिमा उल्लेखित प्रावधानको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा

४. उद्देश्य बमोजिम व्यवसाय/फर्म सञ्चालन नगरेमा

**ख. व्यवसाय/फर्म खारेजी गर्दा आवश्यक कागजातहरुः**

१. खारेजीको लागी निवेदन

२. व्यवसाय/फर्म दर्ताको सक्कल प्रमाण पत्र

३. कर तिरेको रसिद

४. सम्बन्धित वडा कार्यालयको सिफारीस

५. पालिकाको निर्णय (कारबाहीको हकमा)

## परिच्छेद-३

१०. **अभिलेख सम्वन्धि व्यवस्थाः** सम्पूर्ण व्यवसायीहरुले आफ्नो व्यवसायको प्रकृति अनुसार उत्पादन हुने वस्तु, सेवाको प्रकृति, मूल्य, कर्मचारी, फर्म अभिलेख आदि अनिवार्य रुपमा राखु पर्नेछ।

११. **अनुगमन सम्वन्धि व्यवस्थाः**

क. यस गाउँपालिका भित्र सञ्चालन भएका कृषि तथा पशुपन्छी उद्योग व्यवसायलाई व्यवस्थित बनाउन समय समयमा कृषि विकास शाखाको प्रविधिक र अनुगमा समितिका सदस्यहरुले अनुगमन गरिनेछ।

ख. यस्तो अनुगमन गाउँपालिकाको गाउँपालिका स्तरीय अनुगमन समितिले प्रचलित ऐन अनुसार गर्नेछ।

१२. **कारबाही र जरिबाना सम्बन्धी व्यवस्थाः**

क. देहायको काम कार्यवाही गरेमा व्यवसाय/फर्मलाई देहाय बमोजिमको जरिबाना गरिनेछ।

१. कुहिएको, बिग्रिएको फर्म उत्पादनहरू बेचविखन गरेमा,

२. कालोबजारी गरेमा,

३. व्यवसाय/फर्मको दर्ता नराखेमा,

४. तोकिएको जैविक मापदण्ड पुरा नगरि मानव बस्तीमा दुर्गन्ध फौलाए, रोक फौलाए, वातावरणीय प्रदूषण फौलाएमा।

ख. अनुगमनको क्रममा देहायको अवस्था देखिएमा पहिलो पटक सम्झाएर सुधारको गर्न सुझाव दिने र फेरि उस्तै क्रियाकलाप दोहोरीमा फर्म दर्ता रद्द वा देहाय बमोजिमको जरिबाना तथा दुवै कारबाही गरिनेछ।

१. कुहिएको, बिग्रिएको फर्म उत्पादनहरू बेचविखन गरेमा रु. १,००० — रु. १०,००० सम्म जरिबाना,

२. कालोबजारी गरेमा परिणाम अनुसार रु. १,००० — रु. १०,००० सम्म,

३. व्यवसाय/फर्मको दर्ता नराखेमा रु. २००,

४. फर्म/व्यवसायले जैविक सुरक्षा विधि लागू नगरेमा रु. १,०००- रु. १०,००० सम्म।

## परिच्छेद-४

**१३. बाधा अड्काउ सम्बन्धी व्यवस्था**

क. यो कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यक्ता अनुसार कार्यविधिको कुनै दफा थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अवरोध वा अस्पष्टता भएमा गाउँकार्यपालिकाले गरेका बाधा अड्काउ, फुकाउ र व्याख्या अन्तिम हुनेछ।

१४. **खारेजी र बचाउ :** यो कार्यविधिमा रहेको प्रावधानहरु प्रचलित संघीय प्रादेशिक तथा गाउँपालिकाको ऐन नियमसँग बाझिएको हदसम्म अमान्य हुनेछ। यस कार्यविधि प्रारम्भ भएपछि यस अघि गाउँपालिकामा दर्ता भएका कृषि व्यवसाय/फर्महरु यसै कार्यविधि बमोजिम दर्ता हुनु पर्नेछ।

## अनुसुची-१

**<u>निवेदनको ढाँचा</u>**

मिति.........................:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
खिजीदेम्वा गाउँपालिकाको कार्यालय,
खिजिफलाटे, ओखलदुङ्गा।

**विषय : फर्म दर्ता गरि पाँऊ।**

प्रस्तुत विषयमा, खिजीदेम्वा गाउँपालिका वडा नं......मा मैले .......... रोपनीमा /वटा संख्यामा मिति.................. देखी .................खेती/पालन गर्दै आइरहेको वा मिति................. भित्रमा........................ रोपनीमा /वटा संख्यामा व्यावसायिक रुपमा हुने गरी .................................... नामको फर्म दर्ता गरी पाउँ भनि तपसिल उल्लेखित कागजातहरु संलग्न राखी फर्म दर्ताको लागि यो निवेदन पेश गरको छु।

<u>संलग्न कागजातहरु</u>

१. अनुसूची १ अनुसारको निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. २ प्रति पासपोर्ट साइजको फोटो
४. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
५. जग्गा भाडामा भए सो को सम्झौता पत्र
६. व्यक्तिगत वा संगालोमा भए स्वघोषणा मन्जुरीनामा/
७. राजश्व खातामा राजस्व बुझाएको रसिद
८. सम्बन्धित वडा कार्यालयको सिफारिस
९. न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा व्यवसाय नविकरणको हकमा वडाको कृषि/पशु प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

निवेदन

हस्ताक्षर

नामः

ठेगानाः

सम्पर्क नं :.

**अनुसुची-२**

**प्रमाण-पत्रको ढाँचा**

**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कृषि विकास शाखा,**
**खिजिफलाटे, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

Photo

फर्म दर्ता नं....-.................... दर्ता मिति:....................

## फर्म दर्ताको प्रमाण-पत्र

फर्म पद्धतिलाई सु-व्यवस्थित गर्दै व्यवसायिक कृषि बाली तथा फलफूल उत्पादन कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस ओखलढुङ्गा जिल्ला खिजीदेम्वा गाउँपालिका वडा नं.-...., .............मा मिति.................. गते स्थापित "**श्री........................................**" लाई व्यवसाय कृषि तथा पशु पन्छी फर्म दर्ता एवम् नवीकरण सम्बन्धी कार्यविधि, २०८२ को दफा-६ बमोजिम कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

फर्म धनीको नाम :-
जम्मा पूँजी :-
फर्मको उद्देश्य :-
खेती गरिने जमिनको क्षेत्रफल :-
खेती गरिने बाली :-
जम्मा पशु पन्छीको संख्या :-
पशु पन्छीको नाम :-
माउ :- पाठापाठी/पाडापाडी/वाच्छा वाच्छी :-
अन्य :-

| | |
|---|---|
| ............................. | ................................ |
| कृषि/पशु शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण गरेको मिति | दर्ता प्रमाण-पत्र बहाल रहने अवधि | राजस्व जम्मा गरेको भौचर नं. | नवीकरण गर्नेको नाम, पद र हस्ताक्षर | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः फर्म दर्ता प्रमाण-पत्रको म्याद २ वर्ष हुनेछ र नवीकरणको म्याद आर्थिक वर्ष समाप्त भए सँगै सकिन्छ र म्याद समाप्त भएको ३५ दिन भित्र नवीकरण गर्नु पर्नेछ।

**अनुसुची-३**

**<u>जैविक सुरक्षा मापदण्ड</u>**

१. पशुपन्छी (व्यवसाय/फर्म) फर्म राष्ट्रिय तथा मुख्य सडक, सार्वजनिक स्थल, पानीका मुहानबाट २०० मिटर टाढा हुनु पर्नेछ।

२. मानिस बसोबास गर्ने स्थान, मुख्य बजार वा घर देखि पशुपन्छी (व्यवसाय/फर्म) फर्मको दूरी कम्तीमा २०० मिटर हुनु पर्नेछ।

३. मानिस बस्ने घरमा मानिससँगै राखेर कुखुरा, भेडा, बाखा लगायतका पशुपन्छी पाल्न पाइने छैन।

४. फर्म भित्र अन्य जनावर, पंक्षी नछिर्ने खालको पर्खाल, टाटी वा जालीले घेरेर राख्ने साथै अनुमति विना प्रवेश निषेध लेखेको वोर्ड समेत राखेको हुनु पर्नेछ।

५. फर्ममा काम गर्ने कामदारहरुलाई सरसफाइको लागि नजिकै धारा, वाथरुम तथा ट्वाइलेटको राम्रो व्यवस्था गरेको हुनु पर्नेछ।

६. लामो समयसम्म काम गर्ने कामदारहरुको विमा तथा स्वास्थ्य विमाको नीतिगत व्यवस्था गरी विमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

७. फर्मबाट उत्पादन हुने पशुपन्छीको मलमुत्र, फोहोर मैला तथा मृत पशुपन्छीको व्यवस्थापन गर्न सुरक्षित कम्पोष्ट पीट, बायोलोजिकल पीट, पिसाब संकलन ट्याङ्की आदिको व्यवस्था गरेको हुनु पर्नेछ।

८. माथि उल्लेख भएको व्यहोरा लगायत नेपाल सरकारको विभिन्न औद्योगिक नीति नियम र कानुनले तय गरेका मापदण्डलाई आधार मानि व्यवसाय/फर्म सञ्चालन भएको हुनु पर्नेछ।

**आज्ञाले**
**नबिना गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**